# प्रेस विज्ञप्ति

*'दिगो वन व्यवस्थापनको लागि वन सम्बर्धन'*

# प्रथम राष्ट्रिय वन सम्बर्धन कार्यशाला गोष्ठी

**८-१० फाल्गुन, २०७३**

**काठमाण्डौ, नेपाल।**

बिगत २० बर्षमा भण्डै पाँच प्रतिशतले वनको क्षेत्रफलमा वृद्धि भएको छ। तर पनि वनको दिगो एंव वैज्ञानिक व्यवस्थापन हुन नसक्दा वनको गुणस्तर र उत्पादकत्वमा अपेक्षाकृत वृद्धि हुन सकेको छैन, फलस्वरुप वजारमा काठको अभाव भै विदेशबाट समेत ठूलो परिमाणमा काठ आयात गर्नु परिरहेकोछ । हालै गएको विनाशकारी भूकम्पको कारण पुनः निर्माणको लागि ५ करोड क्युफिट भन्दा बढि काठको माग रहेको अनुमान गरिएको छ। बढ्दो काठको माग आपूर्ति गर्न र काठ जन्य पैदावारमा आत्म निर्भरताका लागि मौजुदा वनमा, वन सम्वर्धन प्रणालीको उपयोग गरी दिगो वन व्यवस्थापन पद्धतिहरु अपनाई वनको उत्पादकत्व र गुणस्तर वृद्धि गरी दिगो रुपमा वन पैदावारको आपूर्ति र वातावरणीय सेवालाई निरन्तरता दिन अति आवश्यक भै सकेको हुँदा, साझेदारी वन र सामुदायिक वनहरुमा वन सम्वर्धनमा आधारित वन व्यवस्थापन प्रणालीलाई गत केही वर्ष देखि प्राथमिकताका साथ संचालन हुदै आएका छन्।

यसै परिप्रेक्षमा वन बिभागले वनसँग सरोकार राख्ने सरकारी तथा गैरसरकारी निकायहरुसँगको सहकार्यमा **'दिगो वन व्यवस्थापनको लागि वन सम्बर्धन'** भन्ने नाराको साथ पहिलोपल्ट **"राष्ट्रिय वन सम्बर्धन कार्यशाला गोष्ठी"** मिति २०७३ फाल्गुन ८ देखि १० गतेसम्म काठमाण्डौमा संचालन गर्न गईरहेको छ। यस गोष्ठीको उद्देश्यहरु हालसम्म वन सम्वर्धन प्रणालीमा आधारित वन व्यवस्थापनमा भएका अभ्यास तथा सिकाईहरुलाई अभिलेखीकरण गरी बिश्लेषण गर्ने, दिगो वन व्यवस्थापन पद्धति तथा प्रक्रियाहरुको बारेमा देखिएका जोखिम र अनिश्चितताहरुको लेखाजोखा गरी जोखिम न्यूनीकरणका उपायहरु पहिचान गरी उपयुक्त वन सम्बर्धन प्रणालीको बारेमा सम्पूर्ण सरोकारवालहरुको बिचमा साझा बुझाई वनाउने रहेको छ। साथै वन सम्बर्धनमा आधारित वन व्यवस्थापनको लागि आवश्यक नीतिगत, कानूनी तथा संस्थागत संरचनाको लागि सुझावको सिफारिस गर्ने र बिभिन्न खाले बनको दिगो तथा वैज्ञानिक वन व्यवस्थापनको लागि निर्देशिका तथा नियमहरु बनाउन पृष्ठपोषण गर्ने छ।

यस कार्यशाला गोष्ठीले वन व्यवस्थापनका विविध पक्षहरुलाई समेटेको छ, जस्तै बृक्षारोपण क्षेत्र र वन सम्वर्धन प्रणाली, वन व्यवस्थापन पद्धति अनुसारको वन सम्वर्धन प्रणाली, तराईका जिल्लामा संचालित दिगो तथा वैज्ञानिक वन व्यवस्थापनको सिकाई र वनको आनुवंशिक स्रोत तथा बृक्ष सुधार रहेकाछन्। साथै वनक्षेत्र संग अन्तरसम्बन्धित विषयबस्तुहरुमा जलबायु परिवर्तन, वातावरणीय जोखिमहरुसँग अनुकूलन हुने वन व्यवस्थापन प्रणाली, मिचाहा प्रजाति, वनमा लाग्ने रोग किरा तथा वन डढेलो नियन्त्रण र व्यवस्थापन, सहरी वन, दिगो वन व्यवस्थापनको भू तथा जलाधार संरक्षणमा योगदान, शासकीय संस्थागत प्रवन्ध तथा लैगिंक सवालहरु समेटिएका छन्।

गोष्ठीमा बिषयगत प्रस्तुती तथा बिचार एकै समयमा समानान्तर शत्रहरु चलिरहेको हुनेछ जसले गर्दा सहभागीले आफ्नो ईच्छा अनुसारको शत्र तथा प्रस्तुतीमा सहभागी हुन पाउनेछन् र समानान्तर शत्रबाट आएको निष्कर्षलाई समुहकार्य तथा प्रस्तुतीको माध्यमबाट प्लेनरीमा छलफल गरी निचोड निकालिनेछ ।

गोष्ठी आयोजक समितिले ईच्छुक विषय बिज्ञ, पेशाकर्मी, वैज्ञानिक, उपभोक्ता तथा बिद्यार्थीहरुबाट मौखिक र पोष्टर दुबै खाले प्रस्तुतीको लागि सारांश (Abstarct) आह्वान गरेकोमा देश विदेशबाट ५१ प्रस्तुती र १९ पोष्टर आइसकेका छन्। प्राप्त प्रस्तुती मध्ये विदेशी ५वटा रहेका छन्। यो गोष्ठीमा १० जना विदेशी सहित १५० जनाको सहभागिता हुनेछ। सामुदायिक वन उपभोक्ता, सामुदायिक वन उपभोक्ता महासंध, साझेदारि वन उपभोक्ता, साझेदारि वन उपभोक्ता महासंध, जिल्ला वन अधिकृत, क्षेत्रीय वन निर्देशक र क्षेत्रीय वन तालीम केन्द्रका पदाधिकारीहरुको सहभागिता हुने छन्।


**विस्तृत जानकारीको लागि**

शंकर अधिकारी

वन सम्वर्धन महाशाखा

वन विभाग बबरमहल, काठमाण्डौं।

Email: secretariat.silviws@gmail.com

URL: www.dof.gov.np


(चन्द्रमान डंगोल)

प्रवक्ता

मिति २०७३/११/५